**<u>मिति २०७८/०३/११गते शुक्रबार १०८ औं कार्यपालिका बैठक</u>**

**प्रस्तावहरुः**

१. कर्मचारी संगठन व्यवस्थापन (O & M) सर्भे सम्बन्धमा ।

२. कर्मचारी कल्याण कोष सम्बन्धमा ।

३. MTEF भुक्तानी सम्बन्धमा ।

४. IUDP भुक्तानी सम्बन्धमा ।

५. DPR गर्ने सम्बन्धमा ।

६. योजना संशोधन सम्बन्धमा ।

७. विद्युत पोल सिफ्ट गर्नका लागि आवश्यक बजेट व्यवस्था सम्बन्धमा ।

**निर्णय नं. १**

पानोरोमा रिसर्च सेन्टर प्रा.लि. काठमाण्डौबाट तयार गरिएको घोराही उपमहानगरपालिकाको कर्मचारी संगठन व्यवस्थापन(O &M) सर्भे प्रस्ताव माथि छलफल गरियो । प्रस्तावित कर्मचारी संगठन व्यवस्थापन(O &M) सर्भे प्रस्ताव नगर सभामा पेश गर्ने गरी नगर कार्यपालिकाबाट पारित गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको साविक स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थायी नियुक्ति भएका कर्मचारीहरुको अवकाश पश्चात भुक्तानी हुने उपदान, संचित विदा , विरामी विदा वापतको रकम नियमावलीको नियम २६५ बमोजिमको कर्मचारी कल्याण कोषबाट भुक्तानी हुँदै आएकोमा महालेखा परिक्षकको आ.व. २०७६/०७७को लेखा परिक्षण प्रतिवेदनबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले आफ्नो स्वीकृत दरबन्दीमा रहेका कर्मचारीहरुको खाईपाई आएको तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था भए बमोजिम गर्नुपर्नेमा सो नभएको देखिएको र वित्तीय समानीकरण अनुदानबाट प्राप्त १,७७,५०,०००।– (एक करोड सततरहजार) रकम कानून विपरित कर्मचारी कल्याणकोषमा ट्रान्सफर गरिएकोले उक्त रकम फिर्ता लिई स्थानीय तहको संचितकोषमा दाखिला गर्नुपर्ने व्यहोरा लेखा परिक्षणको प्रतिवेदनमा अनियमित बेरुजु औंल्याइएकोले अवकास पश्चात उपदान तथा संचित विदा, विरामी विदा वापत हुन आउने रकम भुक्तानी सम्बन्धमा आवश्यक निर्देशन हुनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौमा अनुरोध गर्ने ।

**निर्णय नं. ३**

उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम विच तालमेल गराई प्रस्तावित प्राप्त आयोजनाको स्रोत सुनिश्चितता हुने गरी सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्ने उद्देश्य अनुरुप यस उपमहानगरपालिकाको मध्यकालीन खर्च संरचना तयारका लागि सेवा प्रदायक इन्सेल्फ वेस्टर्न नेपाल प्रा.लि. नेपालगञ्ज र घोराही उपमहानगरपालिका विच मिति २०७८।०१।०३ मा सम्झौता भई सेवा प्रदायकबाट मध्यकालिन खर्च संरचना तयार गरी पेश भएकोले उक्त सेवा प्रदायक इन्सेल्फ वेस्टर्न नेपाल प्रा.लि. नेपालगञ्जलाई ४,९६,४५५।७५(चार लाख छयान्नब्बे हजार चार सय पच्पन्न र पचहत्तर पैसा) घोराही उपमहानगरपालिकाको सेवा र परामर्श शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका र DIGICON-RESILIENCE JV काठमाण्डौ नेपाल विच घोराही उपमहानगरपालिकाको एकिकृत शहरी विकास योजना निर्माण गर्ने सम्बन्धमा मिति २०७५।१०।२३मा सम्झौता भई कार्यक्षेत्रगत शर्तअनुसार प्रतिवेदन तयार गरी मिति २०७७।०७।२७ मा कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानी पाउँ भनी निवेदन प्राप्त भएको र सेवा प्रदायक संस्थाले पेश गरेको आई.यू.डि.पि. प्रतिवेदन शहरी विकास मन्त्रालयबाट मूल्याङ्कन गराउदा समेत उक्त प्रतिवेदन शहरी विकास मन्त्रालयले तोकेको ढाँचा बमोजिम रहेको भनि सघन शहरी तथा भवन निर्माण आयोजना घोराही दाङको च.नं. ८४३, मिति २०७८।०१।१४ पत्रबाट जानकारी प्राप्त भएको हुँदा डिजिकोन रेजिलिएन्स जेभि प्रा.लि.लाई सम्झौता भए अनुसार घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८को नगरसभाबाट स्वीकृत नगरस्तरीय योजना तथा कार्यक्रमको सि.नं. ३ को IUDP Report निरन्तरता (क्रमागत) को लागि ३४०००००।–(चौतिस लाख) विनियोजन भएकोमा भ्याट बाहेक हुन आउने रकम २२६४८०२।५०।– अक्षेरेपि वाइस लाख चौसठ्ठी हजार आठ सय दुई र पैसा पचास मात्र डिजिकोन-रेजिलिएन्स जेभिलाई भुक्तानी दिने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाका देहाय बमोजिमका योजनाहरुको डि.पि.आर. गर्ने ।

१. घोराही उपमहानगरपालिकाको वडा नं. १५ स्थित घोराही चोकमा आकासे पुल ।

२. घोराही उपमहानगरपालिकाको वडा नं. २ र ३ स्थित बालिम खोलामा मोटरेवल पुल ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८को वार्षिक योजना तथा कार्यक्रममा समावेश भएका योजना मध्ये केही योजनाहरु संशोधन गर्न अत्यावश्यक भएकोले वडा समितिको निर्णयानुसार संशोधनका लागि प्रस्ताव गरिएका तपशिल बमोजिमका योजनाहरुको संशोधन प्रस्ताव पारित गर्ने र अनुमोदनका लागि नगर सभामा पेश गर्ने ।

**राजश्व व्यवस्थापन शाखा**

| सि.नं. | रकम घटने शिर्षक | घटने रकम | स्रोत | रकम बढने शिर्षक | बढने रकम | |
|---|---|---|---|---|---|---|
| २१० | वडा कार्यालय भवन (३,११,१३) | १५००००००।- | आन्तरिक स्रोत | १८ नं. वडा कार्यालयको कम्पाउण्ड वाल तथा गेट निर्माण | ५०००००।- | कै |
| २ | राजश्व सम्बन्धी २ दिने वडा स्तरीय अभिमुखिकरण कार्यक्रम | ९५००००।- | राजस्व बाँडफाँड - संघीय सरकार | विपि बाटिका डयामदेखि सिस्नेरी वस्ती जाने ट्र्याक निर्माण | ४१९८४८।५१ | |

**वडा नं. ३**

घोराही उपमहानगरपालिकाको ३ नं. वडा कार्यालयको मिति २०७८।०३।०४ गतेको वडा समितिको बैठकको निर्णय अनुसार

| सि.नं. | रकम घटने शिर्षक | घटने रकम | स्रोत | रकम बढने शिर्षक | बढने रकम | |
|---|---|---|---|---|---|---|
| | तरकारी खेती (महिला सामुदायिक कृषि समूह) | ५००००।- | राजस्व बाँडफाँड - संघीय सरकार | बेलुवाको चोरकुलामा तटबन्ध निर्माण | ५००००।- | कै. |
| ३ | गैह्राखुटी महिला समूह कृषि खेती | १५००००।- | नेपाल सरकार समानीकरण अनुदान | गैराखुटी टोलको कृष्ण समूहलाई कृषि औजार तथा पम्पसेट खरिद | १५००००।- | |
| ४२ | मिलन चोकमा प्रतिक्षालय निर्माण | १०००००।- | नेपाल सरकार समानीकरण अनुदान | डावर टोलमा रहेको तारबार तथा संरक्षण | १०००००।- | |

वडा नं. १६

घोराही उपमहानगरपालिकाको १६ नं. वडा कार्यालयको मिति २०७८।०१।२८ गतेको वडा समितिको बैठकको निर्णय अनुसार

| सि. नं. | रकम घटने शिर्षक | घटने रकम | स्रोत | रकम बढने शिर्षक | बढने रकम | |
|---|---|---|---|---|---|---|
| ३५ | तेरौटे दुधे सोतामा पक्की बाँध | २५००००।- | नेपाल सरकार समानीकरण अनुदान | वडा नं. १६को विभिन्न स्थानको बाटोमा ग्राभेल | २५००००।- | कै. |

वडा नं. ५

घोराही उपमहानगरपालिकाको ५ नं. वडा कार्यालयको मिति २०७८।०१।१८ गतेको वडा समितिको बैठकको निर्णय अनुसार

| सि.नं. | रकम घटने शिर्षक | घटने रकम | स्रोत | रकम बढने शिर्षक | बढने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ३९ | मिलनटोल बाटो निर्माण र ह्युमपाईप | १५०००००।- | नेपाल सरकार समानीकरण अनुदान | विपद व्यवस्थापन | १०००००।- | |
| ५६ | बबई बोरिङ सिंचाई संघ | १०००००।- | राजश्व बाँडफाँड संघीय सरकार | विभिन्न वस्ती बाटो ग्राभेल | १०००००।- | |
| | अर्जुन के.सी.को बारीदेखि हेमराज अधिकारीको घरसम्म पाइप तथा भल्व निर्माण (आठौ नगरसभाबाट संशोधन भएको योजना) | १०००००।- | राजस्व बाँडफाँड - संघीय सरकार | अस्थायी प्रहरी पोस्ट धारापानी तारबार | १०००००।- | |
| १२२ | रामघाट खैरा गनार सिम्रवा खोलामा कल्भर्ट निर्माण | ५०००००।- | राजस्व बाँडफाँड – प्रदेश सरकार | ह्युमपाइप खरिद | ४०००००।- | नगर स्तरीय पूर्वाधार तिरको |
| | | | | विपद व्यवस्थापन | १०००००।- | |

वडा नं. १९

घोराही उपमहानगरपालिकाको १९ नं. वडा कार्यालयको मिति २०७८।०३।०८ गतेको वडा समितिको बैठकको निर्णय अनुसार

| सि.नं. | रकम घटने शिर्षक | घटने रकम | स्रोत | रकम बढने शिर्षक | बढने रकम | |
|---|---|---|---|---|---|---|
| ३ | कृषकहरुलाई उन्नत जातको मकै बिउ ५०% अनुदानमा वितरण | ५००००।- | नेपाल सरकार समानीकरण अनुदान | वडा कार्यालय प्रयोजनका लागि LED TV / डिस होस च्यानल खरिद | ५००००।- | कै. |

**निर्णय नं. ७**

सघन शहरी तथा भवन निर्माण आयोजना दाङबाट निर्माणनाधीन आर्मी ब्यारेकदेखि तलतिरबाट भरतपुर खानेपानी ट्याङ्कीसम्मको चोक जोडने  बाटो अधुरो रहेकोमा उक्त बाटो निर्माण सम्पन्न गर्न त्यस बाटोमा रहेका विद्युत पोललाई सिफ्ट गर्ने कार्यका लागि घोराही उपमहानगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्ने सहमती भए अनुरुप नेपाल विद्युत प्राधिकरणबाट प्राप्त ल.ई.मा देखिएको मु.अ.क. सहितको रकम रु. २९०२६७।५७(अक्षरुपी दुई लाख नब्बे हजार दुई सय सत्सठ्ठी रुपैया र पैसा सन्ताउन्न मात्र) नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रलाई घोराही उपमहानगरपालिकाको गैर वित्तिय संस्थानहरुलाई चालु सहायता शिर्षकबाट उपलब्ध गराउने ।